# गुठी संस्थान
# प्रधान कार्यालय
## त्रिपुरेश्वर काठमाडौं

घर नक्शा सिफारिसको नक्शा Online पेश गर्दा ध्यान दिनुपर्ने विषय र तरिका

**परिचयः**

यो Software बाट प्राप्त हुने सुविधा लिनको लागि जग्गाधनी प्रमाण पुर्जा दर्ता गर्नु अनिवार्य छ ।

**गुठी जग्गाको प्रकारः**

- ➔ **अधिनस्थः** मोही महलमा नाम भएको र संस्थानमा कूतवाली वुझाउने जग्गा यसमा पर्दछन् । यस प्रकारमा पर्ने जग्गालाई घर नक्शा सिफारिस लिनु अनिवार्य छ ।
- ➔ **रैतानीः** संस्थानमा मालपोत  वुझाउने जग्गा यसमा पर्दछन् । यस प्रकारुमा पर्ने जग्गालाई घर नक्शा सिफारिस लिनु अनिवार्य त छैन तर यो जग्गाले पनि जग्गाधनी प्रमाण पुर्जा दर्ता गर्नु अनिवार्य छ ।
- ➔ **तैनाथीः** यस प्रकारको जग्गाको जग्गाधनी प्रमाण पुर्जा दर्ता गर्ने कार्य संस्थानबाट मात्र हुनेछ । यस प्रकारको जग्गामा मोही नरहने हुनाले संस्थान स्वयं नै जग्गाधनी हुनेछ । संस्थानले मालपोत कार्यालयबाट जग्गाधनी प्रमाण पुर्जा बनाईसकेपछि तैनाथी जग्गाको विवरण शाखा कार्यालय र प्रधान कार्यालयले यसमा भरेर राख्नुपर्ने हुन्छ ।
- ➔ एक भन्दा बढी पुर्जा राखी घर बनारउने हो भने सबै पुर्जाको दर्ता गर्नु अनिवार्य छ ।

**Software मा विवरण भर्ने प्रकृयाहरु**

- **जग्गाधनी प्रमाण पुर्जा दर्ता** मात्र गर्नको लागि कुनै पनि Account वनाईराख्नु पर्दैन ।
- घर नक्शा को विवरण भर्नको लागि ईञ्जिनियरले संस्थानको **glms.guthisansthan.org.np/login** पेजमा गई Don’t have an account मा Click गरी माग भएका Documents र विवरण राखी Account Create गर्नुपर्ने हुन्छ ।

.......................................................................................................................

**Software भित्र**

जग्गा धनी प्रमाणपुर्जा Online दर्ता गर्नुहोस

**Page 1:** यसमा माग भएका सबै विवरणहरु कुनै पनि नछुटाई भर्नुपर्ने छ । गुठीको नाम राख्ने लिष्टमा गुठीको नाम नभेटिएमा **गुठी संस्थान** Choose गर्नुहोस् र कैफियतमा पुर्जामा लेखिएको गुठीको नाम र अन्य केही विवरण भए भरेर राख्नुपर्नेछ र अन्त्यमा भएको **save** Button मा Click गर्नुहोस् । अनि **Next Page** मा जानुहोस् । यसमा **save** नभएको विवरण अर्को Page मा जाँदैन ।

**Page 2:** जतिजना मोही छन् त्यति जना मोही **+ Button Click** गर्दै थप गर्नुहोस् । सकेसम्म माग भएका सबै विवरण भर्नुहोस् । कुनै एकजना मोहीको मोवाईल नं अनिवार्य छ ।प्रत्येक मोहीको विवरण छुट्टाछुट्टै **save** गर्नुहोस् ।अनि **Next Page** मा जानुहोस् ।
**Page 3:** पुर्जामा जतिवटा कित्ताहरु छन् । ती सबै माग भएका विवरण राखी छुट्टाछुट्टै **save** गर्नुहोस् । रोपनी को Column मा विवरण राख्दा Automatically नै व.मी.को Column मा देखाउँदै जान्छ । रोपनीमा विवरण यसरी राख्नुहोस्:
यदि 1-3-2-3 छ भने 01-03-.2-03 राख्नुहोस् ।
यदि 0-3-2-3 छ भने 00-03-.2-03 राख्नुहोस् ।
यदि 0-3-2-3.45 छ भने 00-03-.2-03.45 राख्नुहोस् ।

**याद राख्नुहोस्ः**

- यी विवरणहरु (**DATE**) English Font मा नै हुनुपर्नेछ ।
- " - " Dash Type गरिराख्नु पर्दैन ।
- अन्तिममा रहको दाम मा Decimal Type गरिराख्नु पर्दैन ।यसले Decimal भए 4 Digit र Decimal नभए 2 Digit Automally राख्न मिल्छ।

सबै विवरण भरिसकेपछी अनि **Next Page** मा जानुहोस् ।
**Page 4:** यसमा माग गरिएका ३ वटै Documents सक्कल नै Scan गरेर Upload गर्नुपर्नेछ ।अनि **Next Submit** मा जानुहोस् .
**Submit** गरिसकेपछी आउने page लाई Print गरेर(**GBPS-2023-00-00-00**) कोड सहित सुरक्षित राख्नुहोस् । यही Print गरेको Document पछि कार्यालयमा पेश गर्नुपर्नेछ । जसको कारण कार्यालयमा तपाईंको काम छिटो गराउन मद्दत् मिल्नेछ ।

...............................................................................................................

## नयाँ नक्शा दर्ता

- नयाँ नक्शा दर्ताको लागि **नयाँ नक्शा** मा Click गर्ने । त्यसपछी घर नक्शा कुन Format मा बनेको छ ? **Meter या Feet .** त्यही Choose गर्ने । त्यसपछी Generete मा Click गर्ने ।
- अब आउने **Page 1:** मा यो भन्दा पहिले Register गरिएको (**GBPS-2023-00-00-00**) कोड search गर्ने ठाउँमा राखी search गर्नुहोस् । त्यसमा तपाईंले Register गर्नुभएको पुर्जा देखाउँछ।त्यसलाई **USE** गर्नुहोस् ।
- **Page 2:** यस Page को पहिलो Line मा **घर धनि को विवरण** मा पुर्जा बाट नै मोहीको विवरण लिने मा Click गर्ने यसबाट पुर्जामा जुन व्यक्ति मोही छन् त्यही व्यक्तिको नाममा घर वनाउने हो भने प्रयोग गर्ने तर मोही वाहेक अन्य व्यक्ति को नाममा घर बनाउने हो भने Manually नै यो भन्दा अघि पुर्जाको Entry गरे जस्तै गरी Entry गर्ने र **Save** पनि गर्दै जाने ।
  यस Page को दोश्रो Line मा **घर बन्ने जग्गाको विवरण** मा पुर्जा बाट नै जग्गाको विवरण लिने मा Click गर्ने यसबाट पुर्जामा Entry भएकै जग्गाको List आउँछ । त्यसमध्ये जुन जुन कित्तामा घर बन्नेहो सो बाहेकको कित्ता List बाट Delete गरिदिने ।
  यसमा दुईवटा पुर्जाको प्रयोग भएको छ भने दर्ता चाहीं दुबै पुर्जाको हुनु आवश्यक छ । तर यसमा प्रयोग गर्ने कित्ताको विवरण Manually राख्नुपर्नेछ र यसमा पनि save गर्दै Next page मा जाने ।
- **Page 3:** यस Page को पहिलो Line मा **तल्लाको विवरण** मा तल्ला चयन गर्नुहोस मा Click गरी Compound wall, Basement, Semi Basement र जति तल्लाको घर बनाउने हो त्यति तल्ला

लाई Number मा लेखिदिनुहोला । यसमा Compound wall को Total Length X Hight = Area Calculation हुन्छ त्यसकारण Compound wall को Length र Hight राख्दा System ले Automatically क्षेत्रफल निकालिदिन्छ । तर अन्य तल्लाको हकमा Length X Hight = Area नै Calculation हुने व्यवस्था गरिएको छैन तसर्थ यसमा क्षेत्रफल Manually नै राख्नुपर्ने गरिएको छ । त्यसपछि **save** गर्ने ।

यस Page को दोश्रो Line मा **संधियारको विवरण** मा आवश्यक विवरण भर्ने त्यसपछि **save** गर्ने । यस Page को तेश्रो Line मा **घरको विवरण** मा छानाको किसिम, घरको उचाई (As Section Hight) र नक्शा वमोजिम **site plan area** (Sqm) व.मी. मा राखी **save** गर्ने र **Next page** मा जाने ।

- **Page 3:** यस पेजमा माग गरिएका सबै Documents हरु Attach गरी upload गर्ने ।
  यस पेजमा माग भएका मध्ये वारेसनाान र मञ्जुरीनामा हस्तलिखित नराखी Computer Print गराई वडा अध्यक्ष्य वा अन्य वडा प्रतिनिधिबाट प्रमाणित भएको हुनुपर्ने छ ।

यी सबै कार्य सम्पन्न भैसकेपछी Submit गर्दा मोहीले संस्थानमा पेश गर्नुपर्ने निवेदन Generate हुन्छ । त्यही निवेदनमा मोहीलाइ दस्तखत् गराई अन्य आवश्यक Documents हरुः

- घरको नक्शा B2 साइजमा ३ प्रति
- जग्गाको नापीनक्शा सक्कल १ प्रति
- नागरिकताको फोटोकपी (सक्कल पनि अनिवार्य) १ प्रति
- लालपुर्जाको फोटोकपी (सक्कल पनि अनिवार्य) १ प्रति
- चालु आ.व. को बाली बुझाएको रसिदको फोटोकपी (सक्कल पनि अनिवार्य) १ प्रति
- मञ्जुरीनामा सक्कल (वडा कार्यालयबाट प्रमाणित) १ प्रति
- वारेसनामा सक्कल (वडा कार्यालयबाट प्रमाणित) १ प्रति

लिई छुट्टै फाईल बनाई प्रधन कार्यालयमा डिजाइनर वा वारेस स्वयं उपस्थित हुनुपर्नेछ । संस्थानमा फाईल पेश गर्दा माग गरेको भन्दा बाहेक अन्य अनावश्यक कागजातहरु (नगरपालिकाका फाइलहरु) नल्याउनुहोला ।

**श्री गुठी संस्थान प्रधान कार्यालय**
पूर्वाधार विकास तथा सम्पदा संरक्षण शाखा
आन्तरिक प्रशासन तथा सूचना प्रविधि शाखा